संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३८ र ३९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १७ गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या २ देखि ६ सम्मका कार्यक्रमहरु अर्को बैठकमा हुने गरी सारिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी दिनको ११:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री पदम गिरी | १५. | मा० श्री सोबिता गौतम |
| २. | मा० डा० अमरेश कुमार सिंह | १६. | मा० श्री प्रेम सुवाल |
| ३. | मा० श्री माधव सापकोटा | १७. | मा० श्री भगवति चौधरी |
| ४. | मा० श्री प्रभु साह | १८. | मा० श्री महेश कुमार वर्तौला |
| ५. | मा० श्री विराजभक्त श्रेष्ठ | १९. | मा० श्री प्रदिप पौडेल |
| ६. | मा० श्री प्रदिप यादव | २०. | मा० श्री अब्दुल खांन |
| ७. | मा० श्री सुमना श्रेष्ठ | २१. | मा० श्री रामप्रकाश चौधरी |
| ८. | मा० श्री राजकिशोर यादव | २२. | मा० श्री सूर्यबहादुर थापा क्षेत्री |
| ९. | मा० श्री रेखा यादव | २३. | मा० श्री रामकृष्ण यादव |
| १०. | मा० श्री रन्जुकुमारी झा | २४. | मा श्री सुशिला श्रेष्ठ |
| ११. | मा० श्री अम्मरबहादुर थापा | २५. | मा० श्री रामहरि खतिवडा |
| १२. | मा० श्री मनिष झा | २६. | मा० श्री राजेन्द्र कुमार के.सी. |
| १३. | मा० श्री गणेश पराजुली | २७. | मा० श्री मुक्ता कुमारी यादव |
| १४. | मा० श्री रोसन कार्की | २८. | मा० श्री दिलेन्द्रप्रसाद बडू |

यसैबीच सम्माननीय सभामुखले हाल छलफल भैरहेको विधेयक राष्ट्रिय सभामा प्रस्तुत भएपछि यही असार ६ गते मा० सदस्यहरुको पिजनहोलमा राखिएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने मा० सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा) संघिय संसद सचिवालय सिहंदरबारमा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले आर्थिक विधेयक, २०८० माथि ३ जना मा० सदस्यहरुबाट संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउँदै उक्त विधेयकमाथि छलफल गर्दा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेहिताभित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल

सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले आ-आफ्नो संशोधनहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री शिशिर खनाल

तत्पश्चात उक्त विधेयक उपर भएको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मनिष झा
२. मा० श्री अमृतलाल राजवंशी
३. मा० श्री रेखा यादव
४. मा० श्री रञ्जु कुमारी झा
५. मा० श्री भगवती चौधरी
६. मा० श्री सोबिता गौतम

त्यसपछि मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त निम्नलिखित मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री शिशिर खनाल

तत्पश्चात सम्माननीय सभामुखले “आर्थिक विधेयक, २०८०” को दफा २ देखि ४७ सम्मका दफाहरु र सो सँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “आर्थिक विधेयक, २०८०” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले “आर्थिक विधेयक, २०८० लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले “राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि २ जना मा० सदस्यहरुबाट संशोधनको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र मा० श्री सुमना श्रेष्ठले क्रमशः आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मेटमणि चौधरी
२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
४. मा० श्री अमृतलाल राजवंशी
५. मा० श्री शिशिर खनाल
६. मा० श्री बिजुला रायमाझी
७. मा० श्री रञ्जु कुमारी झा
८. मा० श्री सोबिता गौतम
९. मा० श्री प्रदिप पौडेल

त्यसपछि मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवाल र मा० श्री सुमना श्रेष्ठले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ “राष्ट्र ऋण उठाउने विधेयक, २०८०” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “राष्ट्र ऋण उठाउने विधेयक, २०८०” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले “राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार २० गते बुधबार दिनको ३:०० बजे बस्ने गरी दिनको ५:०५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव